**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २४**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार १९ गते बिहीबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको चौबीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५ बजे** प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सत्तापक्ष दलका माननीय रामपृत पासवान उठ्नुभएपछि सम्माननीय अध्यक्षले उहाँलाई बोल्न समय दिनुभयो ।

माननीय **रामपृत पासवान**ले सर्लाही र महोत्तरी जिल्लाको सीमामा अवस्थित बाँके खोलामा मापदण्ड विपरीत ढुङ्गा-माटो उत्खनन गरेको कारण बनेको खाल्डोमा परी गत असार चौध गते लाले रायका छोरा अमित रायको मृत्यु भएको र पीडित परिवारले न्याय नपाएपछि स्थानीयवासीले गरेको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा ईश्वरपुर न.पा. १३ का राम सरोज नारायण महतो 'देवन' भनिनेको मृत्यु भएको र धेरै सर्वसाधारण घाइते भएकोमा दुःख व्यक्त गर्दै निर्दोष नागरिकको हत्यामा संलग्न प्रहरी प्रशासनलाई अविलम्ब कारबाही गर्न र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न नेपाल सरकारसँग माग गर्नुभयो । त्यसैगरी उहाँले धनुषा जिल्ला प्रशासन कार्यालयमा लक्ष्मीनियाँ गाउँपालिका-६ की किशोरी रायको हराएको नागरिकताको प्रतिलिपि लिन जाँदा नदिएपछि प्रदेश नं. २ की सांसद चमेलीदेवी दासले प्रमुख जिल्ला अधिकारीसँग कर्मचारीको बारेमा गुनासो गर्दा निजले उल्टै सांसदप्रति दुर्व्यवहार गरेको घटनाप्रति आपत्ति प्रकट गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले रक्षा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३४ बमोजिम छुट्टाछुट्टै खर्च कटौतीको प्रस्ताव गर्नुहुने माननीय रमेश जंग रायमाझीलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले निर्धारित विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. रमेश जंग रायमाझी | २. मा. खिमलाल भट्टराई | ३. मा. जितेन्द्रनारायण देव |
| ४. मा. चक्रप्रसाद स्नेही | ५. मा. रामचन्द्र राई | ६. मा. खिम कुमार वि.क. |
| ७. मा. तारादेवी भट्ट | ८. मा. अगम प्रसाद बान्तवा राई | ९. मा. राजकुमार कुँवर |
| १०. मा. रमेश प्रसाद यादव | ११. मा. धन कुमारी खतिवडा | १२. मा. कमला कुमारी ओली |
| १३. मा. डा. विमला राई पौड्याल | १४. मा. नैनकला ओझा | १५. मा. मीना बुढा |
| १६. मा. युटोल तामाङ | १७. मा. बद्री प्रसाद पाण्डे | १८. मा. भैरव सुन्दर श्रेष्ठ |

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूले जवाफ दिने सम्बन्धी पूर्व निर्धारित कार्यक्रममा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनुहुँदै आगामी बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, खानेपानी मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीहरूले दिनुहुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार २० गते शुक्रबार विहान ११:०० बजे** बस्ने गरी दिनको **१:५५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव